# कोरोना भाइरस बिरुद्धको खोप लगाउनु भएका व्यक्तिहरुको लागि

खोप लगाए पछि (बिशेष गरि खोप लगाए पछि तुरुन्त बाट केहि दिन भित्रको समयमा) आफ्नो स्वास्थ्यको ध्यान राख्नुहोस् ।

खोप लगाए पछि १५ मिनेट भन्दा बढि समय खोप वितरण स्थलमा नै बसी आफ्नो शरीरको अबस्था

हेर्नुहोस् ।

## देखिन सक्ने लक्षणहरु

जापानमा अहिले प्रयोग गरिएको खोप मांसपेशीमा दिइने सुई भएकोले दुख्ने र सुन्निने जस्ता सामान्य प्रतिक्रियाहरु देखा पर्न सक्छन जुन केहि दिन भित्रमा निको हुन्छन । आवश्यकतानुसार ज्वरो दुखाइ कम गर्ने जस्ता औषधी सेवन गरी केहि समय आफ्नो अबस्था हेर्नुहोस् । (सामान्य जीवनमा प्रभाब पार्ने खालको लक्षणको प्रतिशत धेरै कम छ । )

### 【लक्षणहरु देखिने अबस्था】

| लक्षण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| |  | |  |  | |  |  | | |
| | दुख्ने | सुन्निने | पखाला लाग्ने | मांसपेशी दुख्ने | संयुक्त संचा | टाउको दुख्ने | थकान महशुस न | जाडो लाग्ने | ज्वोरो आउने |

यो खोप २ पटक लगाउनु पर्दछ । यसका लक्षणहरु पहिलो पटकमा भन्दा दोस्रो पटक खोप लिएको बेलामा बढि देखिन्छ । त्यस्तै, बृद्धबृद्धामा भन्दा अन्य व्यक्तिलाई लक्षण धेरै देखिने गरेको छ । साइड इफेक्ट एक प्रतिरक्षाको परिणाम स्वरूप देखा पर्दछ र यो तपइँको प्रतिरक्षा प्रणाली (immunity system) सक्रिय छ भन्ने संकेत पनि हो ।

माथिका लक्षणहरु लगातार र सधैँ भन्दा फरक शारिरिक अबस्था वा असहजता भएमा खोप लिएको स्वास्थ्य संस्थामा वा सधैँ जाने डाक्टरकहाँ वा ओसाका प्रिफेक्चरको आधिकारिक परामर्श केन्द्रमा सल्लाह गर्नुहोस् ।

प्रकाशक कोकुसाई को-यू क्योखाइ नेटवर्क ओसाका ☎06-6966-2400

यो पर्चा साइतामा प्रिफेक्चरको सहयोगमा बहुभाषिक जानकारी प्रदान गर्ने लक्ष्य सहित कोकुसाई को-यू क्योखाइ नेटवर्क ओसाकाले तयार पारेको हो ।

## देखिन सक्ने गम्भीर लक्षणहरु

【लक्षण देखिने अबस्था र समय】

■सम्भावना धेरै कम भएतापनि, खोप लगाई सके पछि ५ मिनेट भित्र वा सामान्यतया ३० मिनेट भित्र निम्न लक्षण देखिएमा शक, एनाफिलाक्सिस भएको हुन सक्छ ।



- छाला चिलाउने
- अर्तिकेरिया
- इरिथेमा
- छालामा रातोपन देखिने

आदि



- पेट दुख्ने, वाकवाकी लाग्ने

आदि



- दृष्टि असर



- स्वर सुक्ने
- हाच्छिउ आउने
- घाँटी चिलाउने
- सास फेर्न गाह्रो

आदि



- अनुहारको रङ सेतो हुने
- होसमा समस्या

आदि

खोप लगाइसकेपछी खोप स्थलमानै कुरेर यस्ता लक्षण देखिनासाथ खोप स्थलको डाक्टर वा नर्स आदिलाई भन्नुहोस ।

■ यदि खोप स्थलबाट घर फर्किसकेको अबस्थामा यस्ता लक्षण देखिएमा ओसाका प्रिफेक्चरले संचालन गरेको २४ घण्टे परामर्श केन्द्रमा सल्लाह गर्नुहोस ।

**गम्भीर लक्षण देखिएमा**

ओसाका प्रिफेक्चर कोरोना बिरुद्धको खोप परामर्श केन्द्र

☎ **0570-012-336/06-6635-2047**

२४ घण्टे सेवा शनिबार आईतबार र बिदाका दिनमा पनि संचालित

※ जापानी भाषामा मात्र

पछिल्लो बिस्तृत जानकारी हरुका लागि यहाँ थिच्नुहोस (ओसाका प्रिफेक्चरको होमपेज)

प्रकाशक कोकुसाई को-यू क्योखाइ नेटवर्क ओसाका ☎06-6966-2400

यो पर्चा साइतामा प्रिफेक्चरको सहयोगमा बहुभाषिक जानकारी प्रदान गर्ने लक्ष्य सहित कोकुसाई को-यू क्योखाइ नेटवर्क ओसाकाले तयार पारेको हो ।